बैठक संख्या २०    समयः बिहान ११ बजे    बैठक मिति २०८०।०१।२१

आज मिति २०८० साल वैशाख २१ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिह धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | |

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रितः

तपसिलः

प्रस्तावहरुः

१. प्राविधिक धार ( ९-१२) तर्फ कम्प्युटर इन्जिनियरिङ विषयको अनुमती प्रदान गर्ने सम्बन्धमा।

२. आवाधिक योजना र DRRP तर्जुमा गर्ने सम्बन्धमा।

३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९ पारित गर्ने सम्बन्धमा।

४. नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मौरीघार वितरण गर्न लाभग्राही अनुमोदन गर्ने सम्बन्धमा।

५. इयरकोट स्वास्थ्य चौकीको जग्गा मिचिएको निवेदन सम्बन्धमा।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:

**निर्णय नं १** प्रस्ताव न १ माथि छलफल गर्दा नौगाड गाउँ शिक्षा समितिको मिति २०८०।०१।१९ गतेको बैठकको सिफारिसका आधारमा जनहितमावि धुलिगाडालाई प्राविधिक धार ( ९-१२) तर्फ कम्प्युटर इन्जिनियरिङ विषयको कक्षा ९ सञ्चालनको अनुमती दिने निर्णय सर्व सम्मतरुपमा पारित गरियो।

**निर्णय नं २** प्रस्ताव न २ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकाको पञ्चवर्षिय आवाधिक योजना र विपद जोखिम न्यूनिकरण गर्न DRRP तर्जुमा गर्ने निर्णय सर्व सम्मतरुपमा पारित गरियो।

**निर्णय नं ३** प्रस्ताव न ३ माथि छलफल गर्दा कार्यस्थलमा हुने यौनजन्य दुर्वव्यहार निवारण आचार संहिता २०७९ पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं ४** प्रस्ताव न ४ माथि छलफल गर्दा नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मौरीघार वितरण गर्न कार्यक्रम कार्यान्वयन कार्यदलबाट सिफारिस भई आएका लाभग्राहीहरु अनुमोदन निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ५** प्रस्ताव न ५ माथि छलफल गर्दा वडा नं १ इयरकोटमा स्वास्थ्य चौकी भवन निर्माण गर्दा निजी जग्गा मिचिएको भनि निवेदन पेश भएकोले आवश्यक जाँचबुझ गरी निजी जग्गा मिचिएको भेटिएमा उचित क्षतिपूर्ति दिने निर्णय सर्वसम्मत पारित गरियो।

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत